NEOSYS
Neosys Technology Pvt Ltd

PAN No: 610201611
Regd No: 282498/078/079
Lalitpur, Nepal

मिति : २०८०/१२/२८

# प्रेस विज्ञप्ती

डिजिटल संचार माध्यम अनलाइनखबरमा मिति २०८० चैत्र २७ गते प्रकाशित "https://www.onlinekhabar.com/2024/04/1462232" मा "साढे ४ करोडको सफ्टवेयर काम नलाग्ने, घाटामा देखाउनुपर्ने रकम नाफामा लेखांकन" भन्ने विषयमा प्रकाशित समाचार बारे नियोसिस टेक्नोलोजी प्रा.लि.को ध्यानाकर्षण भएको छ ।

१. मिरा इआरपी, नियोसिस टेक्नोलोजी प्रा.लि. द्वारा सञ्चालित, सहकारीहरुको लागि निर्मित, ISO 27001:2013 Certified प्राप्त SAAS प्लेटफर्म हो ।

२. सहकारीहरु बीच साझा डिजिटल प्लेटफर्म निर्माण गर्ने उद्देश्यका साथ तयार भएको मिरा इआरपी सफ्टवेयरलाई नियोसिस टेक्नोलोजी प्रा.लि.ले न्यूनतम वार्षिक शुल्कमा उपलब्ध गराएको छ । साथै निःशुल्क रुपमा सफ्टवेयर जडान, माइग्रेसन, सपोर्ट, तालिम, क्लाउड डाटा ब्याकअप, मोबाइल बैंकिङ एप्लीकेसन, इ-बैंकिङ, एसएमएस बैंकिङ, बजार प्रतिनिधिहरुले प्रयोग गर्ने एप्लीकेसन आदि उपलब्ध गराई सहकारीहरुलाई प्रभावकारी सेवा प्रवाह गरिरहेको छ ।

३. मिरा इआरपीको २०८० चैत्र २७ गतेसम्मको तथ्यांक निम्न अनुसार रहेको छ ।

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १) | मिरा प्रयोगकर्ता सहकारी संघ संस्थाहरु जम्मा<br>क) सहकारी संस्था : १६०<br>ख) केन्द्रीय संघ तथा जिल्ला बचत संघहरु : ९ | १६९ |
| २) | मिरा प्रयोग गर्ने संस्थाहरुका कूल शेयर सदस्य संख्या<br>क) व्यक्तिगत शेयर सदस्य संख्या : १,७८,९९६<br>ख) संस्थागत शेयर सदस्य : ५,३६० | १,८४,३५६ |
| ३) | मिरा सफ्वटेयरमा सबै प्रयोगकर्ताहरुको हालसम्म गरेको कारोबार गणनाको संख्या | ६,११,५९,०५८ |
| ४) | मिरा प्रयोगकर्ताको कूल बचत खाता संख्या | ३,५०,०९४ |
| ५) | मिरा प्रयोगकताहरुको कूल ऋण खाता संख्या | ४३,२८५ |
| ६) | मिरा प्रयोगकर्ताको जम्मा सेवा केन्द्र संख्या | २१९ |
| ७) | मिरा सफ्टवेयरले समेटेको जिल्ला | ५१ |

सफ्टवेयरको विकास गरेर बजारमा विक्री वितरण भएको ९ महिनाभित्र माथि उल्लेखित प्रगति गरेको अवस्थामा "साढे ४ करोडको सफ्टवेयर काम नलाग्ने, घाटामा देखाउनुपर्ने रकम नाफामा लेखांकन" भनेर नेपालकै प्रतिष्ठित मिडियामा समाचार आएको हुँदा नियोसिस टेक्नोलोजी प्रा.लि.ले यो विज्ञप्तीमार्फत सम्पूर्ण पाठक वर्गहरुमा मिरा इआरपी सफ्टवेयर बारे आफै मूल्यांकन गर्नुहुनेछ भनी यो विज्ञप्ती जारी गरिएको छ ।

CamScanner